# प्रदेश राजपत्र

प्रदेश नं. दुई, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड४) जनकपुरधाम, श्रावण ५ गते,२०७७ साल (अतिरिक्ताङ्क १(क)


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

सम्वत् २०७७ साल ऐन नं ०४

## प्रदेश एफ.एम. रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**: नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको जनताको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवं सम्बर्धन गर्न विद्युतीय प्रसारण प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा साँस्कृतिक लगायत अन्य विविध क्रियाकलापलाई जनसमक्ष पुऱ्याई सबै जाति, भाषा, लिङ्ग, वर्ग, क्षेत्र र

धार्मिक सम्प्रदायबीच समानता कायम गर्न, आपसी सद्भाव र सामन्जस्यताको वातावरण सृजना गरी ज्ञान, सीपको अभिवृद्धि गर्न र जनचेतना जगाउन, निष्पक्ष स्वतन्त्र एवं आधिकारिक समाचार, सूचना र मनोरञ्जनको पहुँचलाई जनता समक्ष विस्तार गर्ने सम्बन्धमा रेडियो, एफ. एम. तथा टेलिभिजनको अनुमति, संचालन, नविकरण र नियमनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "प्रदेश एफ.एम. रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धि ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजतपत्र" भन्नाले कार्यक्रमको प्रसारण गर्नको लागि दफा ७ बमोजिम १०० वाट भन्दा माथी १००० वाट सम्मको एफ.एम. रेडियो मार्फत प्रसारण र केवुलमा आधारित टेलिभिजन प्रशारण गर्न गराउन दिइने इजाजतपत्रलाई सम्झनु पर्छ।सो शब्दले अनुमति वा नविकरणलाई समेत जनाउँछ ।

(ख) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनुपर्छ ।

(ग) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्रीहरू विभिन्न ग्राहक, सदस्य वा उपभोक्ता समक्ष पुऱ्याउने प्रविधिलाई सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. २ को प्रदेशसरकार (मन्त्रिपरिषद्) लाई सम्झनुपर्छ।

(च) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यक्रम तयार गर्ने तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(छ) "प्रसारण" भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी पठाइने रेडियो, एफ. एम. र टेलिभिजन समेतको सञ्चार सेवालाई सम्झनुपर्छ ।

(ज) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

(झ) "फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली" भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो, एफ. एम. र टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारणलाई सम्झनुपर्छ।

(ञ) "भू-उपग्रह प्रसारण केन्द्र" भन्नाले स्याटेलाईट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्रलाई सम्झनुपर्छ ।

(ट) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सूचना तथा सञ्चार हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ठ) "रेडियो यन्त्र" भन्नाले लगातार तारको कनेक्शन विना रेडियो तरंगद्वारा शब्द, चित्र वा संकेत प्राप्त गर्ने वा पठाउने कामको निमित्त प्रयोग गरिने देहायका यन्त्रहरु सम्झनु पर्छः-

(१) डिस एण्टेना लगायत सबै प्रकारका सेटेलाईट, रिसिभिङ्ग सिष्टमहरु,

(२) रेडियो स्पेक्ट्रम अन्तर्गत पर्ने ३० किलोहर्ज देखि ३००० गिगा हर्ज फ्रिक्वेन्सी सम्मका देहायकाः-

(क) एल.एफ., एफ.एम., एच.एफ., भी.एच.एफ., यु.एच.एफ., एस.एच.एफ., इ.एच.एफ., ट्रान्समिटर एवं सञ्चार साधनहरु,

(ख) रेडियो ट्रान्समिटर,

(ग) टेलिभिजन ट्रान्समिटर,

(घ) वायरलेस ट्रान्समिटर,

(ङ) वाकिटकि(Walkie Talkie),

(च) कर्डलेस टेलिफोन,

(छ) भिडियो सेण्टर,

(ज) एमेच्योर रेडियो,

(झ) इन्मासार्ट लगायत सबै प्रकारका सेटेलाइट सञ्चार साधनहरु,

(३) कर्डलेस माइक्रोफोन,

(४) रेडियो कन्ट्रोल खेलौना तथा मोडेलहरु,

(५) रेडियो रिसिभर, टेलिभिजन रिसिभर, भिडियो मनिटर, र

(६) प्रदेश सरकारले समय समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी रेडियो यन्त्र भनी तोकिदिएको यन्त्रहरु ।

(ड) "स्याटेलाइट" भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनकोलागि अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनुपर्छ ।

३. **प्रसारण सम्बन्धी कार्यक्रमको अनुमति, संचालन, रेखदेख र नियमनः** प्रदेश भित्र रेडियो, एफ. एम. र केवुलमा आधारित टेलिभिजनको प्रसारण सम्बन्धी कार्यक्रमको अनुमति, सञ्चालन, रेखदेख र नियमन तथा कार्यान्वन गर्ने अधिकार मन्त्रालयलाई हुनेछ ।

४. **इजाजतपत्र नलिई प्रसारण गर्न नहुने :** कसैले पनि यस ऐन बमोजिम इजाजतपत्र नलिई कुनै पनि कार्यक्रम उत्पादन, प्रसारण, सिग्नल, डाउनलिंक, भू-उपग्रह प्रसारण केन्द्रको स्थापना र विद्युतीय नेटवर्क मार्फत प्रसारण तथा डाउनलिंक गर्न पाइने छैन।

५. **इजाजतपत्रको लागि निवेदन दिनु पर्नेः** प्रदेश भित्र रेडियो, एफ. एम. र टेलिभिजन प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको दस्तुर सहित तोकिएको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

६. **निवेदनसाथ कागजात संलग्न गर्नुपर्नेः** दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछ :-

(क) सम्बन्धित विषयमा अनुभवी तथा ख्याति प्राप्त व्यक्ति वा मान्यता प्राप्त अनुसन्धनात्मक संस्थाबाट आफूले इजाजतपत्र लिन खोजेको विषयको आर्थिक,

सामाजिक, प्राविधिक तथा व्यवसायिकक्षेत्रको विस्तृत अध्ययन गरी तयार गरेको प्रतिवेदन,

(ख) प्रसारण संस्था दर्ताको प्रमाणपत्र तथा सम्बन्धित संस्थाको विधान र सञ्चालकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, ।

(ग) निवेदन दस्तुर बुझाएको नगदि रसिद वा राजश्वखातामा जम्मा गरेको बैंक भौचरको साथै प्रसारण केन्द्र रहने ठाउँको नक्सासहितको विवरण।

(घ) खटाइने कर्मचारीलाई दिइने न्यूनतम सेवा, सुविधाको विवरण।

७. **<u>इजाजतपत्र दिन सकिने</u>**: (१) दफा ५ बमोजिमको निवेदन पर्न आएमा तोकिएको अधिकारीले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन मनासिव देखेमा तोकिएको शर्तहरु पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न पैंतीस दिनभित्र तोकिए बमोजिमको दस्तुर लिई मन्त्रालयले तोकिएको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र दिन नसक्ने भए सो को आधार र कारण खुलाई म्याद समाप्त भएको सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको जानकारी उपर चित्त नबुझ्ने पक्षले मन्त्रालय समक्ष निवेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन परेको मितिले एक महिनाभित्र मन्त्रालयले आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ।

८. **<u>प्रसारण गर्नुपूर्व विवरण पेश गर्नुपर्ने</u>**: दफा ७ को उपदफा (१) बमोजिमको इजाजतपत्र प्राप्त गरेको छ महिनाभित्रमा प्रसारण सम्बन्धि कामको प्रारम्भ गर्नुपर्ने छ र त्यस्तो कार्य प्रारम्भ

गर्नुअघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समयतालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत तोकिएको अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

९. **प्रसार केन्द्रको स्थापना सम्बन्धी विशेष व्यवस्थाः** (१) कुनै व्यक्ति वा संगठित संस्था वा संयुक्त लगानीमा स्वदेशी वा विदेशी व्यक्ति वा संगठित संस्थाले स्याटेलाइट टेलिभिजन बाहेकको टेलिभिजन सम्बन्धि प्रसारण केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न चाहेमा अनुमतिको लागि तोकिए बमोजिमका कागजात संलग्न गरी दस्तुर सहित मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजन सम्बन्धि कार्यक्रम प्रसारण गर्ने अनुमति दिन मुनासिब देखेमा तोकिए बमोजिमको दस्तुर लिई तोकिएको शर्तहरु पालना गर्ने शर्तमा राष्ट्रहित प्रतिकुल प्रभाव नपर्ने गरी कार्यक्रमहरु प्रसारण गर्न अनुमति दिन सकिनेछ ।

१०. **नविकरण सम्बन्धी व्यवस्थाः** (१) प्रसारण गर्ने संस्था वा व्यक्तिले इजाजतपत्रको प्रत्येक आर्थिक वर्षमा नविकरण गराउनु पर्नेछ र नविकरण सम्बन्धी शर्तहरु र सो बापत बुझाउनु पर्ने शुल्क र दस्तुर तोकिए बमोजिम हुनेछ ।

(२) यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानून बमोजिम प्रसारण गर्न इजाजतपत्र प्राप्त गरेको संस्थाले यसै ऐन बमोजिम इजाजत पाएको मानिनेछ र त्यस्ता संस्थाले यो ऐन प्रारम्भ भएपछि नविकरण गर्नु पर्नेछ ।

(३) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रसारण इजाजत लिई कार्यक्रम प्रसारण गरेका संस्थाले प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखि छुट्टै रिले स्टेशन स्थापना

गरी कार्यक्रम प्रसारण गर्न चाहेमा मन्त्रालयको अनुमति लिई त्यस्ता प्रसारण संस्थाले प्रसारण गर्न पाउनेछ ।

११. <u>**प्रसारणमा सचेत गराउन सकिनेः**</u> (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाई विचको सम्बन्ध वा विभिन्न जात-जाती, धर्म वा सम्प्रदाय विचको सुःसम्बन्धमा खलल पर्ने राज्यद्रोह, गाली बेईज्यती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछुत एवं लैङ्गिक विभेदलाई प्रत्यक्ष वा परोक्ष सहयोग पुग्ने कुनै कार्यक्रम प्रसारण गरेमा त्यस्तो प्रसारण संस्थालाई मन्त्रालयले सचेत गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सचेत गराउँदा पनि नमानेमा वा त्यस किसिमको प्रसारण पुनः गरेमा त्यस्तो प्रसारण संस्थालाई कार्यक्रम प्रसारण गर्न रोक लगाई दफा २१ बमोजिम सजाय गर्न सकिनेछ ।

१२. <u>**फ्रिक्वेन्सी सम्बन्धी अन्य व्यवस्थाः**</u> (१) मन्त्रालयले तोकेको मापदण्डको आधारमा तोकिएको निकायले रेडियो तथा टेलिभिजनको फ्रिक्वन्सी बाँडफाँड तथा वितरणको योजना बनाई स्वीकृतीका लागि मन्त्रालयमा सिफारिश गर्नेछ ।

(२) उपदफा (१) अनुसार फ्रिक्वन्सी बाँडफाँड तथा वितरणको योजना स्वीकृत गर्दा मन्त्रालयले सुरक्षा, विपद्, सरकारको लोककल्याणकारी विज्ञापन र अन्य प्रयोजनका लागि सरकारलाई आवश्यक पर्ने फ्रिक्वन्सी सुरक्षित रहेको सुनिश्चित गर्नु पर्नेछ ।

(३) सरकारको पूर्ण स्वामित्वमा रहेको वा सरकारको लगानी रहेको प्रसारण संस्थालाई निःशुल्क रुपमा फ्रिक्वन्सी प्रयोगको इजाजत दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम फ्रिक्वन्सी प्रयोगको लागि दिएको इजाजत सार्वजनिक गर्नु पर्नेछ ।

(५) रेडियो र टेलिभिजनका फ्रिक्वन्सीलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण तथा व्यपारिक प्रसारणका लागि मान्त्रालयले बाँडफाँड गरिनेछ ।

(६) प्राप्त फ्रिक्वेन्सी दुई वर्ष भित्र प्रयोग गरिसक्नु पर्नेछ । फ्रिक्वन्सी दुई वर्ष सम्म पनि प्रयोग नगरेमा वा नभएमा इजाजत स्वतः रद्द हुनेछ ।

१३. **प्रसारण तथा वितरण शुल्कः** प्रसारण संस्थाले कुनै कार्यक्रम प्रसारण तथा वितरण गर्न चाहेमा प्रदेश सरकार वा तोकिएको संस्थालाई तिर्नुपर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने व्यक्ति वा संस्थाबाट लिनु पर्ने शुल्क तोकिए बमोजिम हुनेछ ।

१४. **कार्यक्रम उत्पादन तथा प्रसारणः** प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्नेछः-

(क) प्रदेशस्तरका कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान, प्रविधि, स्वास्थ्य, परिवार नियोजन, पर्यटन, वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक सचेतनामूलक एवं सन्देशमूलक कार्यक्रमहरू,

(ख) प्रदेशभित्रका सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदायबीच समानता, आपसी सद्भाव र सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरू,

(ग) प्रदेशभित्र तथा विभिन्न भाषा र सँस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(घ) राष्ट्रिय तथा प्रादेशिक हित र राष्ट्रिय एकतामा अभिबृद्धि गराउने कार्यक्रमहरू,

(ङ) राष्ट्रिय एवं प्रादेशिक चेतना तथा नैतिक जागरण बृद्धि गर्ने विषयका कार्यक्रमहरू,

(च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मूल्य, मान्यता एवं सँस्कारको विकास गराउने किसिमका कार्यक्रमहरू,

(छ) नेपाल र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू,

(झ) प्रदेश भित्रको लोकगीत र लोकसँस्कृतिको प्रवर्द्धन तथा सम्बर्धन हुने कार्यक्रमहरू,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरू ।

(ट) महिला तथा दलितहरुको सशक्तिकरण तथा उत्थान गर्न प्रोत्साहित गर्ने किसिमको कार्यक्रमहरु।

**१५. <u>कार्यक्रम उत्पादन तथा प्रसारणमा निजी क्षेत्रलाई सहभागि गराउन सकिने:</u>** कार्यक्रम निष्पक्ष सरल, सक्षम तथा प्रभावकारी बनाउन निजी क्षेत्रलाई समेत सहभागी गराउन सकिनेछ ।

**१६. <u>अन्य प्रदेशको प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारणको समय उपलब्ध गराउन सकिने:</u>** अन्य प्रदेशको कुनै प्रसारण संस्था वा सञ्चार माध्यमहरुले यस प्रदेश भित्र रहेको प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा संघीय तथा प्रदेश कानून प्रतिकुल नहुने गरी कार्यक्रम प्रसारण गर्न मन्त्रालयले समय उपलब्ध गराउन सक्नेछ ।

१७. **<u>विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिनेः</u>** विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमहरूले यस प्रदेश भित्रको प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा संघीय तथा प्रदेश कानूनको प्रतिकुल नहुने गरी कार्यक्रम प्रसारण गर्न सम्बन्धित मन्त्रालयले समय उपलव्ध गराउन सकिनेछ ।

१८. **<u>विज्ञापन प्रसारण गर्न नपाइनेः</u>** (१) कुनै पनि व्यक्ति तथा प्रशारण वा संस्थाले देहायका विषयका विज्ञापन प्रसारण गर्न गराउन पाउने छैन ।

(क) गलत र भ्रामक तथ्य राखेर राजनैतिक दल, व्यक्ति, संस्था, समुदाय लगायतलाई प्रतिकुल असरपर्ने विषयका कुराहरु,

(ख) अश्लिल किसिमका सामग्रीहरू,

(ग) निर्वाचित संघीय, प्रदेश र स्थानीय सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरू,

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका सामग्रीहरु,

(ङ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुराहरु,

(च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू।

(छ) महिला हिंसा, दहेजप्रथा वा अन्य सामाजिक कुरितिहरुलाई बाढावा दिने खालको सामग्रीहरु ।

(ज) स्वास्थलाई हानी पुऱ्याउने मधपान, ध्रुमपान तथा सुर्तिजन्य जस्ता पदार्थहरुको प्रयोगमा बाढावा दिने खालका सामग्रीहरु ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि निर्वाचनको समयमा प्रदेश सरकारले निर्वाचन आयोगको परामर्श लिई कुनै पनि राजनैतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरूको जानकारी गराउनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन ।

१९. **प्रसारकको काम, कर्तव्य र अधिकारः** (१) प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमहरूको सत्यता बारे आवश्यक छानबिन गरी निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

(ख) राजनैतिक रूपमा निष्पक्ष भई समाचारको सम्पादन तथा प्रसारण गर्ने,गराउने,

(ग) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने तथा नगराउने ।

(घ) कसैको चरित्र हत्या वा अपमान हुने वा लैङ्गिक हिंसा वा विभेदलाई बढवादिने प्रकृतिका सामग्री प्रसारण नगर्ने वा गर्न नलगाउने,

(ङ) लापरवाही वा हेलचक्र्याइँपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउननहुने,

(च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा सम्भव भएसम्म सबैदृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबंग्याई प्रसारण गर्नु पर्ने,

(छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको संकलन तथा प्रसारण गर्ननहुने,

(ज) प्रसारण संस्थाले तोकिदिए बमोजिम अन्य कार्य गर्ने।

२०. **सजायः** (१) कसैले दफा ७ बमोजिम प्रसारण संस्थाको इजाजतपत्र नलिई प्रसारण संस्था स्थापना गरी प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्था बन्द गरी त्यस्तो प्रसारण संस्थालाई इजाजतपत्र दिँदा लाग्ने दस्तुरको दोब्बर र दफा १३ बमोजिम लाग्ने शुल्क असुल गरी सो बराबरको रकम जरिवाना हुनेछ।

(२) कसैले दफा ११ बमोजिम सचेत गराउँदा समेत सो दफा विपरित कार्य गरेमा दफा १९ विपरित वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रमको प्रसारण गरे गराएमा त्यस्तो प्रसारण गर्ने संस्था, प्रसारक वा सम्बन्धित व्यक्तिलाई तोकिएको अधिकारीले दशहजार रुपैयाँ देखि एकलाख रुपैयाँ सम्म जरिवाना गर्नसक्नेछ।

(३) दफा ११ र १९ विपरित दोश्रो पटक कार्य गरेमा अनुमति रद्द गर्न सक्नेछ ।

तर जरिवाना गर्नु अघि सम्बन्धित अधिकारीले त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्वन्धित अन्य व्यक्तिलाई आफ्नो सफाई पेश गर्न मौका दिनुपर्नेछ ।

२१. **पुनरावेदन सम्बन्धमाः** यस ऐन बमोजिम सोही प्रदेश सरकार वा मन्त्रालय वा तोकिएको अधिकारीले दिएको आदेश वा गरेको

निर्णय वा सजाय उपर चित्त नबुझने पक्षले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

२२. **<u>विवाद निरुपण सम्बन्धमाः</u>** (१) यस ऐनसँग सम्बन्धित विषयमा परेका उजुरी तथा विवादहरुको निरुपण गर्न देहाय बमोजिमको एक समिति रहनेछ ।

(क) मन्त्रालयको मन्त्री, संयोजक

(ख) मन्त्रालयको राज्यमन्त्री, सदस्य

(ग) मन्त्रालयको सचिव, सदस्य

(घ) महाशाखा प्रमुख, (मन्त्रालयको सम्बन्धित विषय हेर्ने) सदस्य

(ङ) महाशाखा प्रमुख, (मन्त्रालयको कानून महाशाखा हेर्ने) सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको विवाद निरुपण सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२३. **<u>प्रसारण संस्थाको सुरक्षाः</u>** प्रसारण संस्थामा हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानिनोक्सानी हुने सम्भावना छ भन्ने जानकारी प्राप्त भएमा मन्त्रालयले त्यस्तो ठाउँमा सम्भव भए सम्म आवश्यक अवधिसम्मको लागि सुरक्षाकर्मी पठाई सुरक्षाको व्यवस्था गर्नेछ ।

२४. **<u>अधिकार प्रत्यायोजनः</u>** यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार तोकिएको अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

२५. **<u>नियम, कार्यविधि तथा निर्देशिका बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

२६. **<u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमाणीकरण मितिः- २०७७/०४/०५

**आज्ञाले,**

**वीरेन्द्र कुमार यादव**

**प्रदेश सरकारको सचिव**